| ३७. | ०७४/७५/४१, सैन्य | २३५ | महेन्द्रनगर | सन्तोष तामाङ्ग पुनर्वास न.पा. -५ कञ्चनपुर | डम्वर | बैटु | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ३८. | ०७४/७५/४१, सैन्य | ९७८ | महेन्द्रनगर | जेबी तामाङ्ग पुनर्वास न.पा.-११, कञ्चनपुर | प्रेम | वुधिवल | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |

| क्र.सं. | विज्ञापन नं | रोल नं | परीक्षा केन्द्र | उम्मेदवारको नाम ठेगाना | बुबा/आमाको नाम | बाजेको नाम | परीक्षा मिति | अनियमित कार्यको विवरण | कारबाहीको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| ३९. | ०७४/७५/अ/४१, सैन्य | ८१८ | महेन्द्रनगर | सल्मा तामाङ्ग पुनर्वास न.पा.-२, कञ्चनपुर | मोहन | देवाङ | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ४०. | ०७४/७५/अ/४१, सैन्य | ९८० | महेन्द्रनगर | कपुर तामाङ्ग पुर्नवास न.पा.-२, कञ्चनपुर | सिम्बा | छेनलामा | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ४१. | ०७४/७५/अ/४१, सैन्य | ८१६ | महेन्द्रनगर | अर्जुन तामाङ्ग पुनर्वास न.पा.-३, कञ्चनपुर | खोलमा | पर्सी | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ४२. | ०७४/७५/अ/४१, सैन्य | १३२६ | महेन्द्रनगर | याकुव तामाङ्ग पुनर्वास न.पा.-१, कञ्चनपुर | उरवा | सुनविर | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ४३. | ०७४/७५/अ/४१, सैन्य | १८२ | जुम्ला | रामबहादुर कामी लाम्रा - ७, जुम्ला | जुन | धनलाल | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ४४. | ०७४/७५/अ/४१, सैन्य | २३३ | जुम्ला | रोशन बहादुर शाही रानिवन, दैलेख | कर्ण | रविन | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ४५. | ०७४/७५/अ/४१, सैन्य | २३८ | जुम्ला | केशब अधिकारी जगनाथ-०२, दैलेख | चन्द्रप्रसाद | मोतिलाल | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ४६. | ०७४/७५/अ/४१, सैन्य | ३४१ | जुम्ला | माया सुनार चन्दननाथ न.पा.-२, जुम्ला | सान्ते | आईते | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ४७. | ०७४/७५/अ/४१, सैन्य | ३८५ | जुम्ला | निवाश थापा कनकासुन्दरी-९, जुम्ला | मुक्तिराम/रत्नकला | मुनिराम | २०७४/१२/१० | चिट फेलापरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी २ (दुई) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ४८. | ०७४/७५/अ/४१, सैन्य | १४ | दिपायल | सुनिल तामाङ्ग पुर्नवास-७, कञ्चनपुर | मान व. | सुभसिं | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ४९. | ०७४/७५/अ/४१, सैन्य | ५७ | दिपायल | सोलन तामाङ्ग पुर्नवास-५, कञ्चनपुर | कास लामा | कौशी | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ५०. | ०७४/७५/अ/४१, सैन्य | ८७ | दिपायल | समर तामाङ्ग पुर्नवास-१, कञ्चनपुर | रामवहादुर | शेरवहादुर | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |

| क्र.सं. | विज्ञापन नं | रोल नं | परीक्षा केन्द्र | उम्मेदवारको नाम ठेगाना | बुबा/आमाको नाम | बाजेको नाम | परीक्षा मिति | अनियमित कार्यको विवरण | कारबाहीको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| ५१. | ०७४/७५/४१, सैन्य | ३७२ | दिपायल | राजेश तामाङ्ग पुर्नवास-७, कञ्चनपुर | हरिमान | सन्तराम | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ५२. | ०७४/७५/४१, सैन्य | ३७५ | दिपायल | रुपन्ता तामाङ्ग पुर्नवास-२, कञ्चनपुर | मान व. | चोक्ता | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ५३. | ०७४/७५/४१, सैन्य | १९ | दिपायल | सनम तामाङ पुर्नवास-७, कञ्चनपुर | जितवहादुर | सोम | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ५४. | ०७४/७५/४१, सैन्य | ३११ | दिपायल | रनविर सिंह कार्की पुर्नवास-१,कञ्चनपुर | पदम सिंह | टेक सिंह कार्की | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ५५. | ०७४/७५/४१, सैन्य | ३१५ | दिपायल | नरसिंह तामाङ्ग पुर्नवास-७, कञ्चनपुर | सुकटासी | मैदासिंह | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ५६. | ०७४/७५/४१, सैन्य | ४३ | दिपायल | आदर्श तामाङ्ग पुर्नवास-१, कञ्चनपुर | सुकवहादुर | मंगले | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ५७. | ०७४/७५/४१, सैन्य | ५३४ | दिपायल | दिपेन्द्र विष्ट, विन्थडचिर-९, बझाङ | मदन | फयाट | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ५८. | ०७४/७५/४१, सैन्य | १३ | दिपायल | तेज व. तामाङ्ग पुर्नवास-७, कञ्चनपुर | आश व. | मइलामा | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ५९. | ०७४/७५/४१, सैन्य | ४२३ | दिपायल | जितेन्द्र वि.क. असीग्राम-८, डडेल्धुरा | भोटे | लप्लु | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ६०. | ०७४/७५/४१, सैन्य | ९० | दिपायल | रवि तामाङ्ग पुर्नवास-१४, कञ्चनपुर | मानव | ओरसिंह | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ६१. | ०७४/७५/४१, सैन्य | ११२ | दिपायल | चेतन विष्ट, लम्की चुहा-८, कैलाली | टेक व | उज्ज व. | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ६२. | ४१/०७४-७५ | २६१५ | काठमाडौं | सुष्मा कुमारी थारु गेरुवा-३, बर्दिया | गणेशप्रसाद | दमुवा | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |

| क्र.सं. | विज्ञापन नं | रोल नं | परीक्षा केन्द्र | उम्मेदवारको नाम रठेगाना | बुबा/आमाको नाम | बाजेको नाम | परीक्षा मिति | अनियमित कार्यको विवरण | कारबाहीको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| ६३. | ४१/०७४-७५ | २५५३ | काठमाडौं | सम्झना चौधरी मधुवन-१, बर्दिया | नवराज | नारायण | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ६४. | ४१/०७४-७५ | २८०४ | काठमाडौं | शेरबहादुर साउद रामारोशन-६, अछाम | कालु | धर्म | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ६५. | ४१/०७४-७५ | १४७ | काठमाडौं | गोमा श्रेष्ठ शिवपुरी-७, नुवाकोट | शमलाल | वुल्लाल | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ६६. | ४१/०७४-७५ | २३०५ | काठमाडौं | प्रमोद अधिकारी मधुवन-७, बर्दिया | ऋषिराम | दीर्घनारायण | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ६७. | ४१/०७४-७५ | २८०७ | काठमाडौं | आशिष राजी खैलाड़-९, कैलाली | जगुबहादुर | कमल बहादुर | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ६८. | ४२/०७४-७५ | १२ | काठमाडौं | दिवस कार्की रौलुङ्ग-४, दोलखा | टाडबहादुर | रमेश बहादुर | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ६९. | ४२/०७४-७५ | ९९ | काठमाडौं | गौतम राना बाँसगढी-५, बर्दिया | लालबहादुर | कर्ण | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ७०. | ४३/०७४-७५ | ५१ | काठमाडौं | विष्णुप्रसाद थारु बाँनियाभार- १, बर्दिया | खिरमान | धुनिराम | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| ७१. | ४३/०७४-७५ | २३ | काठमाडौं | रिता खत्री बडैया-४, बर्दिया | याङकरबहादुर | टेकबहादुर | २०७४/१२/१० | नक्कली परीक्षार्थी खडा गरेको | मिति २०७४/१२/१० देखि लागू हुने गरी ५ (पाँच) वर्ष सम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |

**परीक्षामा अनियमितता गर्ने उम्मेदवारको लैङ्गिक तथ्याङ्क यस प्रकार रहेको छ ।**

| क्र.सं. | लिङ्ग | संख्या |
|---|---|---|
| १. | महिला | १४ |
| २. | पुरुष | ५७ |
| जम्मा | | ७१ |

## ११. महत्वपूर्ण निर्णयहरु

१. **पोखरा विश्वविद्यालयको** Master in Construction Management, Master of Science in Transportation Engineering and Management **तथा त्रिभुवन विश्वविद्यालयको** M.Sc. Transporation Engineering **शैक्षिक योग्यताको उपाधिमा रहेका विषयवस्तुहरु नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइड्रोपावर उपसमूह, रा.प. प्रथम/द्वितीय श्रेणीको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यतामा रहेका उपाधि/विषयसँग मूलभुत रुपमा** (Substantial Way) **समान भएको नदेखिएकोले उक्त योग्यतालाई तोकिएको योग्यताको रुपमा लिन नसकिने।** (आयोगको निर्णय नं. १९८/०७४-७५/२०७४/१०/१८)

२. **त्रिभुवन विश्वविद्यालयको** Bachelor's Degree in Environment Science **शैक्षिक योग्यताको उपाधिमा** Silvi Culture, Forest Ecology, Forest Management, Forest Mensuration, Forest Environment **जस्ता वन विज्ञानसँग सम्बन्धित विषयहरु अधयपन गरेको नदेखिएकोले उक्त योग्यतालाई नेपाल वन सेवा, नेशनल पार्कस एण्ड वाइल्ड लाइफ तथा स्वायल एण्ड वाटर कन्जरभेशन समूह, रा.प.तृतीय श्रेणीको पदको लागि तोकिएको न्यूनतम योग्यताको रुपमा लिन नसकिने।** (आयोगको निर्णय नं. १९९/०७४-७५/२०७४/१०/१८)

३. **त्रिभुवन विश्वविद्यालयको** Bachelor's Degree in Environment Science **शैक्षिक योग्यताको उपाधिमा अध्ययन गरेका विषयहरु माटो वा जल संरक्षण वा जलाधार व्यवस्थापन वा वन विज्ञान वा कृषि इन्जिनियरिङ्ग वा वन वातावरणसँग सम्बन्धित नरहेकोले उक्त उपाधिलाई वन सेवा, स्वायल एण्ड वाटर कन्जरभेशन समूहको रा.प.तृतीय श्रेणीको पदको लागि तोकिएको योग्यताको रुपमा लिन नसकिने।** (आयोगको निर्णय नं. १९९/०७४-७५/२०७४/१०/१८)

४. **काठमाडौं विश्वविद्यालयको** Bachelor of Technology in Enivronmental Engineering**उपाधिमा अध्ययन गरिएका विषयहरु सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यतामा उल्लेख रहेको स्यानिटरी इन्जिनियरिङ्गको स्नातक योग्यतासँग सम्बन्धित देखिएकोले उक्त योग्यतालाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानिटरी उपसमूह, रा.प. तृतीय श्रेणीको पदको लागि तोकिएको रुपमा लिन सकिने।** (आयोगको निर्णय नं. २००/०७४-७५/२०७४/१०/१८)

५. **काठमाडौं विश्वविद्यालयको** Bacelor of Technology in Environmental Engineering **योग्यतामा रहेका विषयहरु नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइड्रोलोजी उपसमूह, रा.प.तृतीय श्रेणीको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यतामा उल्लेख रहेका विषयसँग मिल्ने नदेखिएकाले उक्त योग्यतालाई लिन नसकिने।** (आयोगको निर्णय नं. २००/०७४-७५/२०७४/१०/१८)

६. **नेपाल कृषि सेवा अन्तर्गतका प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ.एक्सटेन्सन, स्वायल साइन्स र एगृ.इको. एण्ड मार्केटिङ्ग समूहहरुका राजपत्र अनंकित प्रथम श्रेणी, प्राविधिक सहायक वा सो सरह पदहरुको लागि लिखित परीक्षा संयुक्त रुपमा एउटै प्रश्नपत्रबाट एकैदिन गर्ने।** (आयोगको निर्णय नं. २०१/०७४-७५/२०७४/१०/१७)

७. **नेपाल कृषि सेवा अन्तर्गतका फिसरिज, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूहहरुका रापपत्र अनंकित प्रथम श्रेणी, प्राविधिक सहायक वा सो सरह पदहरुको लागि लिखित परीक्षा संयुक्त रुपमा एउटै प्रश्नपत्रबाट एकै दिन गर्ने।** (आयोगको निर्णय नं. २०१/०७४-७५/२०७४/१०/१७)

८. **नेपाल इन्जिनियरिङ्ग सेवा जियोलोजी समूह अन्तर्गतका जनरल जियोलोजी, हाइड्रोजियोलोजी र इन्जिनियरिङ्ग जियोलोजी उपसमूहका राजपत्र अनंकित प्रथम श्रेणीका पदहरुको लिखित परीक्षा संयुक्त रुपमा एउटै प्रश्नपत्रबाट एकै दिन गर्ने।** (आयोगको निर्णय नं. २०१/०७४-७५/२०७४/१०/१७)

९. **नेपाल इन्जिनियरिङ्ग सेवा सिभिल समूह अन्तर्गतका जनरल, हाइवे, स्यानिटरी, इरिगेशन, हाइड्रोपावर, हाइड्रोलोजी र एयरपोर्ट उपसमूहहरुका राजपत्र अनंकिन प्रथम श्रेणीका पदहरुको लिखित परीक्षा संयुक्त रुपमा एउटै प्रश्नपत्रबाट एकै दिन गर्ने।** (आयोगको निर्णय नं. २०१/०७४-७५/२०७४/१०/१७)

१०. **नेपाल वन सेवा अन्तर्गत जनरल फरेष्ट्री, स्वायल एण्ड वाटर कन्जरभेशन र फरेष्ट रिसर्च समूहहरुका राजपत्र अनंकित प्रथम श्रेणीका पदहरुको लिखित परीक्षा संयुक्त रुपमा एउटै प्रश्नपत्रबाट एकै दिन गर्ने।** (आयोगको निर्णय नं. २०१/०७४-७५/२०७४/१०/१७)

## १२. कर्मचारी व्यवस्थापन

**(१) सरुवा**

***(क) अन्य निकायबाट आयोग वा अन्तर्गत सरुवा तथा पदस्थापना***

| क्र.सं. | पद | कर्मचारीको नाम थर | सरुवा गर्ने निकाय | पदस्थापना गरिएको कार्यालय | सरुवा निर्णय मिति | आयोगमा पदस्थापना भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | उपसचिव | पुरूषोत्तम शर्मा | म.ले.नि.का. | लोक सेवा आयोग, अनामनगर | २०७४।१०।५ | | |
| २. | मनोविज्ञानवेत्ता | भाषा कोइराला | नयाँ पदस्थापन | लोक सेवा आयोग, अनामनगर | २०७४।१०।७ | २०७४।१०।३ | नयाँ पदस्थापन |
| ३. | शाखा अधिकृत | गोविन्द प्रसाद पौडेल | शिक्षा मन्त्रालय | लोक सेवा आयोग, अनामनगर | २०७४।१०।७ | २०७४।१०।२४ | नयाँ पदस्थापन |
| ४. | शाखा अधिकृत | अस्मिता निरौला | शिक्षा मन्त्रालय | लोक सेवा आयोग, अनामनगर | २०७४।१०।७ | २०७४।१०।०७ | नयाँ पदस्थापन |

***(ख) आयोगबाट आयोग अन्तर्गत सरुवा तथा पदस्थापना***

| क्र.सं. | पद | कर्मचारीको नाम थर र पद | साविक कार्यरत निकाय | पदस्थापना गरिएको निकाय | सरुवा निर्णय मिति |
|---|---|---|---|---|---|
| १. | उप सचिव | तेजप्रसाद दाहाल | लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर | लोक सेवा आयोग, सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | २०७४।११।२२ |
| २. | शाखा अधिकृत | प्रकाश गुरुङ | लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर | लोक सेवा आयोग, पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | २०७४।१०।२५ |
| ३. | शाखा अधिकृत | विष्णु पौडेल | लोक सेवा आयोग, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं | लोक सेवा आयोग, सुदुरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | २०७४।१०।२५ |
| ४. | नायब सुब्बा | जिवनाथ भण्डारी | दरखास्त व्यवस्थापन केन्द्र | लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर | २०७४।१०।२५ |
| ५. | कम्प्युटर अपरेटर | खेमबहादुर दुरा | दरखास्त व्यवस्थापन केन्द्र | लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर | २०७४।१०।२५ |

***(ग) आयोगबाट अन्यत्र निकायमा सरुवा सम्बन्धी विवरण***

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा भएको निकाय | निर्णय मिति | रमाना मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | उपसचिव | दिपक लामिछाने | कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवा | २०७४।१०।६ | २०७४।११।१५ | |
| २. | शाखा अधिकृत | लुम्बनाथ पोखरेल | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. २ जनकपुर | २०७४।१०।२१ | २०७४।११।१ | कामकाज |
| ३. | शाखा अधिकृत | पुष्पराज पाण्डे | भूमी व्यवस्था कृषि तथा सहकारी प्रदेश नं. ४, पोखरा | २०७४।१०।२१ | २०७४।१२।२१ | कामकाज |

**(२) अनिवार्य अवकाश**

| क्र.सं. | पद | श्रेणी | कर्मचारीको नाम, थर | अवकाश मिति |
|---|---|---|---|---|
| १. | उपसचिव | रा.प. द्वितीय | सूर्यनाथ कोइराला | २०७४।१२।२६ |
| २. | शाखा अधिकृत | रा.प. तृतीय | कुमार प्रसाद भण्डारी | २०७४।१२।२ |

**(३) पदोन्नति सम्बन्धी विवरण**

| क.सं. | पद | कर्मचारीको नाम, थर | निकाय | निर्णय मिति | रमाना मिति |
|---|---|---|---|---|---|
| १. | शाखा अधिकृत | तुलसा सेढाइ | सामान्य प्रशासन मन्त्रालय | २०७४।११।०९ | २०७४।११।१८ |
| २. | शाखा अधिकृत | निर्मला न्यौपाने | सामान्य प्रशासन मन्त्रालय | २०७४।११।०९ | २०७४।११।११ |

**(४) आयोगका पदाधिकारी तथा कर्मचारीहरुको तालिम/सेमिनार/गोष्ठी**

| क्र.सं. | पद | नामर थर | तालिम र सेमिनारको विषय | भ्रमण भएको मुलुकर तालिम दिने संस्था | तालिम र सेमिनारको अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| १. | माननिय सदस्य | श्री बृन्द्रा हाडा भट्टराई | अध्ययन भ्रमण | दक्षिण अफ्रिका | २०७४।११।१३ | २०७४।११।२५ |
| २. | माननिय सदस्य | श्री गोविन्दप्रसाद कुसुम | अध्ययन भ्रमण | ब्राजिल | २०७४।१०।२१ | २०७४।१०।२९ |
| ३. | माननिय सदस्य | श्री श्रीपुरुष ढकाल | अध्ययन भ्रमण | दक्षिण अफ्रिका | २०७४।११।१३ | २०७४।११।२५ |
| ४. | माननिय सदस्य | श्री अशोक कुमार झा | अध्ययन भ्रमण | ब्राजिल | २०७४।१०।२१ | २०७४।१०।२९ |
| ५. | माननिय सदस्य | श्री ब्रम्हदेव राय | अध्ययन भ्रमण | दक्षिण अफ्रिका | २०७४।११।१३ | २०७४।११।२५ |
| ६. | माननिय सदस्य | श्री कृष्णचन्द्र झा | अध्ययन भ्रमण | ब्राजिल | २०७४।१०।२१ | २०७४।१०।२९ |
| ७. | सहसचिव | श्री लक्ष्मी विलास कोईराला | अध्ययन भ्रमण | दक्षिण अफ्रिका | २०७४।११।१३ | २०७४।११।२५ |
| ८. | बरिष्ठ मनोविज्ञान वेत्ता | श्री सर्मुनलाल शाक्य | अध्ययन भ्रमण | दक्षिण अफ्रिका | २०७४।११।१३ | २०७४।११।२५ |

## १३. बजेट खर्च

२०७४ माघ देखि २०७४ चैत्र मसान्त सम्मको त्रैमासिक अवधिमा भएको खर्चको अवस्था यस प्रकार रहेको छ ।

| क्र.सं. | बजेट उपशीर्षक नं. | २०७४ माघ देखि २०७४ चैत्र मसान्त सम्मको खर्च | रकम (रु.) |
|---|---|---|---|
| (क) संस्थागत सुदृढीकरण | | | |
| १. | २१०१०१३ | चालु खर्च | ६२,०६,९१३.०० |
| २. | २१०१०१४ | पुँजीगत खर्च | २९,८४,२७९.०० |
| (ख) चालु खर्च | | | |
| १. | २१००११३ | विविध खर्च | ४,४४,९९,७४७.०० |
| २. | २१००११३ | अन्य प्रशासनिक खर्च | २,६२,८०,४०७.११ |
| कूल जम्मा खर्च (क + ख) | | | ७,९९,७१,३४६.११ |

नोट : अर्थ बजेट समावेश नगरिएको ।

"लोक सेवा आयोगको प्रतिबद्धता, योग्यता, स्वच्छता र निष्पक्षता "
"लोक सेवा आयोगको दृढ अठोट, स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट "
"लोक सेवा आयोगको अग्रगामी सोच, आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम व्यक्तिको छनौट "

# अन्तर्वार्ता

**लोक सेवा आयोगबाट आ.व. ०७३/७४ मा लिइएको न्याय सेवातर्फको शाखा अधिकृत परीक्षामा प्रथम स्थान प्राप्त गर्न सफल हुनुभएका दीपिका थापा मगरसँग लिईएको अन्तर्वार्ता :**



**१. सर्वप्रथम लोक सेवा आयोगबाट लिइएको शाखा अधिकृत तहको प्रतिस्पर्धात्मक परीक्षामा एकमुष्ट योग्यता क्रममा प्रथम हुनु भएकोमा यहाँलाई हार्दिक बधाई छ । निजामती सेवामा प्रवेशबाट कस्तो महसूस गर्नु भएको छ ?**

सर्वप्रथम बधाईको लागि हार्दिक धन्यवाद ।

राष्ट्रका पदाधिकारीको मर्यादाक्रममा २६ औं नम्बरको शाखा अधिकृत पदबाट जनतालाई सेवा गर्ने पेशामा प्रवेश गरेकोमा निकै खुशी महसुस भएको छ। कानूनमा स्नातक तह अध्ययन पुरा भए पश्चात् आफ्नो जीवनको पेशागत यात्राको सुरुवात् यसै निजामती सेवा प्रवेशबाट हुन गइरहेकोले थप उत्साहित छु।

**२. निजामती सेवामा प्रवेशका लागि कहाँबाट प्रेरणा प्राप्त गर्नु भयो ?**

B.A.L.L.B पाँचौं वर्ष अध्यनरत रहँदा कानून, न्याय तथा संसदीय मन्त्रालयमा तीन महिने इन्टर्नशिप गर्ने अवसर मिलेको थियो सो बेला मन्त्रालयमा कार्यरत सेवामा रहनु भएका अग्रजहरुबाट सेवा प्रवेश गर्न धेरै प्रेरणा मिलेको थियो। खास गरि न्याय सेवामा जनशक्ति अपुग रहेको कारण दर्साउँदै उहाँहरुले भर्खर स्नातक पुरा गरेकाहरुलाई न्याय सेवामा आउन विशेष प्रोत्साहन दिनु भएको थियो। निजामती सेवामा प्रवेश गर्दा सेवा गर्न पाइने, साथ साथै आफ्नो पेसागत वृद्धि विकासको पनि उत्तिकै अवसर रहेको पाए। साथै घर परिवारका सदस्यहरु, अग्रजहरु पनि निरन्तर प्रेरणाका स्रोत हुनुहुन्छ।

**३. निजामती सेवामा उत्कृष्ट कर्मचारीहरु आउँछन् तर सार्वजनिक सेवा प्रवाहमा सुधार हुन सकेको छैन भन्ने जनगुनासो सुनिएको छ । सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन के कस्ता कार्यमा परिवर्तन ल्याउनु पर्ने आवश्यकता महसुस गर्नु भएको छ ?**

जनगुनासो जायज छ र हामीले पनि सार्वजनिक सेवा लिन जाँदा भोग्ने गरेका छौं। सार्वजनिक सेवाप्रवाहमा सुधार ल्याउन हामी प्रत्येक कर्मचारीको उत्तिकै भूमिका हुन्छ। कार्यशैलीमा परिवर्तन ल्याउन जरुरी छ। छिटो, छरितो र गुणस्तरीय रुपमा सेवाग्राहीलाई सेवा प्रदान गरिदिनु पर्दछ। सेवा प्रवाहमा विद्युतीय प्रणालीको प्रयोगलाई अत्यधिक जोड दिनुपर्छ सेवा प्रदान गर्ने क्रममा सेवाग्राही भन्दा माथि छु भन्ने मनसाय नराखी उहाँहरुको सेवकको रुपमा प्रस्तुत हुन जरुरी छ र सक्दो सहजीकरण गरिदिनु पर्दछ। कार्यालयमा काम सुम्पिदा सम्बन्धित व्यक्तिको विशेषज्ञताको आधारमा हुनपर्दछ, जसले गर्दा सेवाप्रवाह थप प्रभावकारी हुन्छ।

**५. शाखा अधिकृत तहको वर्तमान पाठ्यक्रम कस्तो लाग्यो ? यसलाई थप प्रभावकारी बनाउँन के गर्नु पर्ला ?**

समग्रमा एकीकृत पाठ्यक्रम बृहत छ, holistic approach बाट पाठ्यक्रमको निर्माणले प्रभावकारी देखिन्छ। प्रथम पत्रमा सामान्य ज्ञानलाई धेरै भार दिईएको छ, सो गर्नुमा पाठ्यक्रम निर्माणकर्ताको पृथक र जायज कारण होला तर सम्बन्धित सेवा तर्फका विषय वस्तुलाई समावेश गरेमा अझै प्रभावकारी हुने थियो। सैद्धान्तिक मात्र नभई पाठ्यक्रममा सेवा सम्बन्धी practical ज्ञान पनि समावेश भएमा अझै राम्रो हुने थियो।

**६. "निजामती सेवा आलोचित र अत्यावश्यक दुबै छ" यस सम्बन्धमा तपाई के भन्नुहुन्छ ? निजामती सेवाको सुधारका लागि केही सुझाव छन् कि?**

सेवा अत्यावश्यक हो तर खराब कार्यशैलीले गर्दा आलोचना खेप्नु परेको हो। त्यसको लागि कार्यशैलीमा सुधार गरी सेवाग्राहीलाई सेवा प्रति विश्वास दिलाउन सक्नुपर्छ।

**७. अन्त्यमा, लोक सेवा आयोग प्रतिको जनविश्वासलाई अझ वृद्धि गर्न के कस्ता विषयमा सुधार गुर्न पर्ला ?**

लोक सेवा आयोगले आफ्ना कार्यसम्पादनका लागि आत्मसात गरेको योग्यता, निष्पक्षता र स्वच्छताको सिद्धान्तका आधारमा गरिने छनौट प्रक्रियाले जनआस्था बढाउँनका साथै निजामती सेवा प्रवेश गर्न थप प्रोत्साहन गरेको छ। सेवा प्रवेश गरेपछि पदस्थापन, सरुवा र कार्यशैलीमा पछि त्यस्तै स्वच्छता र निष्पक्षता हुन जरुरी छ।

## बारम्बार सोधिने प्रश्नहरु (Frequently Asked Questions)

आयोगको सूचना तथा प्रकाशन शाखाका उपसचिव श्री देवीप्रसाद सुवेदी र शाखा अधिकृत राजु सत्यालले लोक सेवा आयोगको काम सम्बन्धी समसामयिक विषयमा सरोकारवालाहरुबाट बारम्बार सोधिने प्रश्नहरुको सम्बन्धमा तयार पार्नुभएको जानकारीमूलक विषयवस्तु :

**१. लोक सेवा आयोगले के कस्ता सिद्धान्त अनुसरण गर्दै आफ्नो कार्य सम्पादन गर्ने गर्दछ ?**

लोक सेवा आयोगले आफ्नो कार्य सम्पादनलाई प्रभावकारी बनाउँन संविधानले दिएको अधिकारको अधिनमा रहेर निम्न सिद्धान्तमा आधारित भई आफ्नो कार्य सम्पादन गर्दै आइरहेको छ।

*योग्यताको सिद्धान्त (Principle of Merit)*

आयोगबाट कुनै पनि पदका लागि सञ्चालन हुने परीक्षाहरूमा अब्बल ठहर्ने उम्मेदवारलाई मात्र नियुक्तिको लागि सिफारिस गरिन्छ। सम्बन्धित पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप, मनोभाव आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादनका लागि क्षमतावान हुने विश्वास गरिन्छ।

*स्वच्छताको सिद्धान्त (Principle of Fairness)*

आयोगका सम्पूर्ण काम कारबाहीहरुमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरिन्छ। आयोगले लिने निर्णयहरू र मातहतका कार्यालयहरूबाट सञ्चालन हुने क्रियाकलापलाई विशुद्ध रुपले स्वच्छ र वस्तुपरक बनाउँन आवश्यक संस्थागत, संरचनागत एवं कार्यविधिगत प्रबन्ध गरिन्छ।

*निष्पक्षताको सिद्धान्त (Principle of Impartiality)*

आयोगले लिने निर्णयहरू पूर्वाग्रहरहित हुन्छन्। आयोगका निर्णय र परीक्षासम्बन्धी काम कारबाहीबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजगता अपनाइन्छ भने कुनैपनि ढंगले कसैलाई पनि पक्षपात गरिंदैन।

*समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity)*

आयोगबाट हुने विज्ञापनमा सम्बन्धित पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाइन्छ। सम्बन्धित विज्ञापनका लागि तोकिएको योग्यता पुग्ने सबैलाई दरखास्त पेश गर्न समान अवसर प्रदान गरिन्छ।

*द्विअन्ध सिद्धान्त (Principle of Double Blind)*

पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराईंदैन र जानकारी समेत दिईंदैन।उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो, पत्तै पाउँदैनन। प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कसको हो भन्ने बारेमा पूर्णतः अनभिज्ञ रहन्छ। अन्तर्वार्ता समितिका सदस्यहरू अन्तर्वार्ता दिँदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्कका बारेमा पूर्णतः अनभिज्ञ रहन्छन्। त्यस्तै आयोगका हरेक महाशाखाहरूलाई विशिष्टीकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ। कुनै एक महाशाखा र शाखाको कार्यसम्पादनको गोप्यतामा अर्को महाशाखा र शाखाको पहुँच र संलग्नता रहँदैन।

*परिचय-शून्यताको सिद्धान्त (Principle of IdentityMasking)*

उत्तरपुस्तिका परीक्षण गर्नु अघि दोहोरो सङ्केतीकरण प्रक्रिया मार्फत उक्त उत्तरपुस्तिकाबाट दरखास्त दिने उम्मेदवारको परिचय अलग गरिन्छ। यसबाट उत्तरपुस्तिकाको निष्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ। त्यस्तै उत्तरपुस्तिका परीक्षण पश्चात वैयक्तिक पहिचान विहीन रुपमा प्राप्ताङ्कको तालिका तयार पारिन्छ। अन्तर्वार्ता लगायत छनौट प्रक्रियाका सम्पूर्ण परीक्षाका अंकहरू एकीकृत गरे पश्चात मात्र छनौट हुने उम्मेदवारको वैयक्तिक पहिचान डिकोडिङ्ग प्रक्रिया मार्फत पत्ता लगाइन्छ।

*असंलग्नताको सिद्धान्त* (Principle of Non-Involvement)

आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा उम्मेदवार भएको अवस्थामा त्यस्ता पदाधिकारी, कर्मचारी वा विज्ञलाई उक्त परीक्षाको सम्पूर्ण प्रक्रियामा संलग्न नहुने प्रणाली सुनिश्चित गरिन्छ ।

*गोपनीयताको सिद्धान्त* (Principle of Secrecy)

परीक्षा प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने प्रयोजनको लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरूमा आयोगले गोपनीयता कायम राख्दछ । आयोगबाट लिइने परीक्षाका प्रश्नपत्रहरूको परिमार्जन र छनौटको कार्य पूर्ण गोप्य रहन्छ । परीक्षार्थीको लिखित परीक्षाको प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशन हुने बेलासम्म गोप्य रहन्छ । आयोगको अनलाईन डाटावेसमा रहेका व्यक्तिगत सूचनाहरू गोप्य रहेको सुनिश्चित गरिन्छ । यसरी पदपूर्ति प्रक्रियाका अधिकांश चरणहरूमा पूर्ण गोपनीयताका साथसाथै गुणस्तरीयता सुनिश्चित गरिन्छ ।

२. संगठित संस्थाका कर्मचारीहको सेवाका शर्त सम्बन्धी कानून निर्माण गर्दा त्यस्ता कानूनमा के कस्ता विषय समावेश गर्नु हुँदैन ?

संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून, बढुवा र विभागीय कारबाही सम्बन्धी सामान्य सिद्धान्त, २०७४ ले संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी नियम, विनियम वा निर्देशिका निर्माण गर्दा निम्न विषय समावेश गरी कानून निर्माण गर्न नहुने स्पष्ट व्यवस्था गरेको छ ?

- सीमित व्यक्तिहरुका बीच प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने विषय,
- अस्थायी र करारमा कार्यरत कर्मचारीलाई स्थायी पदमा नियुक्ति हुन उमेरको हद नलाग्ने भन्ने विषय,
- तोकिएको आवश्यक न्यूनतम शैक्षिक शैक्षिक योग्यता नभए पनि त्यस्ता कर्मचारीलाई विशेष पद सिर्जना गरी विशेष बढुवा गर्न सकिने भन्ने विषय,
- लिखित परीक्षा र अन्तर्वार्ता सम्बन्धी व्यवस्था लोक सेवा आयोग ऐन, नियम तथा निर्देशिका विपरित हुने विषय ।

३. निजामती सेवाको राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणी तथा स्वास्थ्य सेवाको पाँचौ र चौथो तहका पदहरुको लिखित परीक्षा कहाँ कहाँ सञ्चालन हुन्छन्?

लोक सेवा आयोगको मिति २०७४/११/२८ को निर्णयानुसार निजामती सेवाको राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणी तथा स्वास्थ्य सेवाको पाँचौ र चौथो तहका आ.प्र., खुला र समावेशी प्रतियोगितात्मक परीक्षाबाट स्थायी पदपूर्तिका लागि विज्ञापन हुने पदहरुको परीक्षा केन्द्र देहाय अनुसार कायम हुने व्यवस्था गरिएको छ ।

- राजपत्र अनङ्कित प्रथम श्रेणीका सम्पूर्ण प्राविधिक पदहरु र स्वास्थ्य सेवाका पाँचौं तहका पदहरुको परीक्षा विज्ञापनसँग सम्बन्धित क्षेत्रीय निर्देशनालयहरुमा र उक्त कार्यालयले तोकेका अन्य केन्द्रमा, लोक सेवा आयोग पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटाबाट विज्ञापन हुने पदको परीक्षा केन्द्र सिराहा जिल्लाको लाहानमा, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौंबाट विज्ञापन हुने पदको परीक्षा केन्द्र पर्सा जिल्लाको वीरगञ्जमा र मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतबाट विज्ञापन हुने पदको परीक्षा केन्द्र डोल्पा र हुम्ला जिल्लाको सदरमुकाममा समेत सञ्चालन हुन्छन् ।
- राजपत्र अनङ्कित प्रथम श्रेणीका नेपाल विविध सेवाको कम्प्युटर अपरेटर पद र महिला विकास निरीक्षक पद तथा नेपाल स्वास्थ्य सेवाको स्टाफ नर्स र सिनियर असिष्टेण्ट हेल्थ वर्कर/हेल्थ असिष्टेण्ट पदहरुको परीक्षा केन्द्र विज्ञापनसँग सम्बन्धित क्षेत्रीय निर्देशनालय र अन्तर्गतका अञ्चल कार्यालयमा तथा उक्त कार्यालयले तोकेको अन्य केन्द्रमा ।
- राजपत्र अनङ्कित प्रथम श्रेणीका सम्पूर्ण अप्राविधिक पदहरुको परीक्षा केन्द्र विज्ञापनसँग सम्बन्धित क्षेत्रीय निर्देशनालय र अन्तर्गतका अञ्चल कार्यालयहरुमा तथा उक्त कार्यालयले तोकेका अन्य केन्द्रमा ।
- राजपत्र अनङ्कित द्वितीय श्रेणी (अप्राविधिक/प्राविधिक) तथा स्वास्थ्य सेवाका चौथो तहका सबै पदहरुको परीक्षा केन्द्र विज्ञापनसँग सम्बन्धित क्षेत्रीय निर्देशनालय र अन्तर्गतका अञ्चल कार्यालयमा तथा उक्त कार्यालयले तोकेका अन्य केन्द्रहरुमा सञ्चालन हुनेछन् साथै लोक सेवा आयोग सगरमाथा अञ्चल कार्यालय, दिक्तेलबाट विज्ञापन हुने पदको परीक्षा केन्द्र सिराहा जिल्लाको लाहानमा, नारायणी अञ्चल कार्यालय हेटौंडाबाट विज्ञापन हुने पदको परीक्षा केन्द्र पर्सा जिल्लाको वीरगञ्जमा र कर्णाली अञ्चल कार्यालय, जुम्लाबाट विज्ञापन हुने पदको परीक्षा केन्द्र डोल्पा र हुम्ला जिल्लाको सदरमुकाममा समेत सञ्चालन हुन्छन् ।

४. परीक्षा केन्द्र परिवर्तन कसरी गर्न सकिन्छ ?

पूर्व निर्धारित परीक्षा केन्द्रमा गई परीक्षा दिन नसक्ने अवस्था परेमा त्यस्ता उम्मेदवारले परीक्षा मिति भन्दा पन्ध्र दिन अगाडी सो को कारण खोली आयोगले तोकेको दस्तूर सहित परीक्षा केन्द्र परिवर्तन गर्न दरखास्त स्वीकृत गर्ने कार्यालयमा निवेदन दिन सक्दछन् । यसरी केन्द्र परिवर्तन गर्न निवेदन परेमा एउटै विज्ञापनको लिखित परीक्षा केन्द्र एकभन्दा बढी भएमा औचित्य हेरी केन्द्रीय कार्यालयका हकमा परीक्षा सञ्चालन शाखा प्रमुखले र क्षेत्रीय तथा अञ्चल कार्यालयको हकमा सम्बन्धित कार्यालय प्रमुखले परीक्षा केन्द्र परिवर्तन गर्ने अनुमति दिन सक्ने प्रावधान रहेको छ ।

# स्वतः प्रकाशन (Proactive Disclosure)

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने स्वतः प्रकाशन (Proactive Disclosure) सम्बन्धी सार्वजनिक गरिएको विवरण ।**

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| १. | निकायको स्वरूप र प्रकृति | संवैधानिक निकाय |
| २. | निकायको काम, कर्तव्य र अधिकार | नेपालको संविधानको धारा २४३ मा व्यवस्था भए बमोजिम । |
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | विभिन्न पदका ४०२ जना (राजपत्रांकित श्रेणीतर्फ १३८, राजपत्र अनंकित श्रेणीतर्फ १७९ र श्रेणी विहीनतर्फ ८४), कार्य विवरण धेरै पदको रहेकोले कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ । |
| ४. | निकायबाट प्रदान गरिने सेवा | माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन र सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तर्वार्ता, छनौट तथा सिफारिस, संविधान तथा ऐन, नियममा उल्लेखित विषयहरु (नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, बढुवा, उजुरी उपर टुंगो लगाउने आदि । |

| क्र.सं. | विवरण | क्र. सं. | महाशाखा र महाशाखा प्रमुखको नाम | शाखाहरुको नाम | शाखा प्रमुखहरुको नाम (उपसचिव) |
|---|---|---|---|---|---|
| ५. | सेवा प्रदान गर्ने निकायको महाशाखा र शाखा र जिम्मेवार अधिकारी | १. | प्रशासन तथा निरीक्षण महाशाखा सहसचिव श्री लक्ष्मीविलास कोइराला | क) सूचना तथा प्रकाशन शाखा | श्री देवीप्रसाद सुवेदी |
| | | | | ख) प्रशासन शाखा | श्री डिल्लीराज पोखरेल |
| | | | | ग) आर्थिक प्रशासन शाखा | श्री पुरुषोत्तम शर्मा |
| | | | | घ) योजना तथा निरीक्षण शाखा | - |
| | | | | ङ) सूचना सञ्चार प्रविधि शाखा | श्री रमेश शर्मा पौडेल |
| | | २. | अन्तर्वार्ता तथा सिफारिस महाशाखा सहसचिव श्री किरणराज शर्मा | क) प्रश्नपत्र परिमार्जन शाखा (प्राविधिक) | श्री चुरामणि मरासिनी |
| | | | | ख) प्रश्नपत्र परिमार्जन शाखा (अप्राविधिक) | - |
| | | | | ग) अन्तर्वार्ता तथा सिफारिस शाखा | श्री रमेश मैनाली |
| | | | | घ) प्रश्नपत्र परिमार्जन शाखा (सुरक्षा निकाय तथा संगठित संस्था) | श्री राजन राई |
| | | ३. | परीक्षा महाशाखा सहसचिव श्री जानकीराम शर्मा बराल | क) परीक्षा सञ्चालन शाखा (प्राविधिक) | श्री समुन्द्रराज रेग्मी |
| | | | | ख) परीक्षा सञ्चालन शाखा (अप्राविधिक) | श्री सन्तोषप्रसाद दाहाल |
| | | | | ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक) | श्री कुशला पौडेल |
| | | | | घ) लिखित परीक्षा नतिजा तयारी शाखा(अप्राविधिक) | श्री जगन्नाथ बराल |
| | | | | ङ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री सुर्यनाथ कोइराला |

| क्र.सं. | विवरण | व्यवस्था | | | |
|---|---|---|---|---|---|
| | | ४. | परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा<br>मुख्य मनोविज्ञानबेत्ता<br>डा. खगेन्द्रप्रसाद सुवेदी | क) परीक्षण प्रविधि शाखा | श्री सर्मुनलाल शाक्य |
| | | | | ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा | श्री कृष्ण जि.सी. |
| | | | | ग) अनुसन्धान तथा विकास शाखा | श्री नवराज लम्साल |
| | | ५. | कानून महाशाखा<br>सहसचिव<br>श्री पाराश्वर ढुङ्गाना | क) नीति नियम तथा अभिलेख शाखा | श्री केशव शर्मा |
| | | | | ख) उजुरी तथा विभागीय सजाय परामर्श शाखा | श्री टंकबहादुर महत |
| | | ६. | सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा<br>सहसचिव<br>श्री झक्कप्रसाद आचार्य | क) लिखित परीक्षा सञ्चालन शाखा | श्री नारायणप्रसाद ज्ञवाली |
| | | | | ख) लिखित परीक्षा नतिजा तयारी शाखा | श्री ईश्वरीप्रसाद अर्याल |
| | | | | ग) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री सुर्यप्रसाद सापकोटा |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | कामको प्रकृति अनुसार फरक फरक हुने । आयोगको नागरिक बडापत्रमा उल्लेख गरिएको । | | | |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव । (नागरिक बडापत्रमा उल्लेख गरिएको) | | | |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | अधिकार प्रत्यायोजन अनुसार सहसचिवहरु, सचिव, आयोगका माननीय सदस्यहरु, माननीय अध्यक्ष, सम्बन्धित अदालतहरु । | | | |
| ९. | सम्पादन गरेको कामको विवरण | माग तथा पदपूर्तिको निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन, सूचना प्रकाशन, पाठ्यक्रम निर्धारण, शैक्षिक योग्यता निर्धारणमा सहयोग, परीक्षा सञ्चालन, उपयुक्त उमेदवारको छनौट तथा सिफारिस, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्तहरुको निर्माण, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान आदि । | | | |
| १०. | प्रमुख सूचना अधिकारीको नाम र थर | प्रमुख माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली<br>सचिव श्री महेन्द्रप्रसाद गुरागाई<br>सूचना अधिकारी श्री देवीप्रसाद सुवेदी (उपसचिव) | | | |
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | • नेपालको संविधान<br>• लोक सेवा आयोग ऐन, २०६६ तथा लोक सेवा आयोग नियमावली, २०६७<br>• निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>• नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>• व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>• विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>• सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग) तथा संगठित संस्थाहरु सम्बन्धी ऐन, नियमावलीहरु<br>• लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७ | | | |

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| | | • लोक सेवा आयोगको कार्य पद्धति दिग्दर्शन, २०७०<br>• लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचार संहिता, २०६९<br>• लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>• सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>• लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>• अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासन सम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| (क) | सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण | Website: www.psc.gov.np<br>Email: info@psc.gov.np |
| (ख) | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | आयोगको वेवसाइट www.psc.gov.np हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (आवश्यकता अनुसार अन्य बारहरुमा पनि) आयोगबाट प्रकाशन हुने बलेटिन (सूचनापत्र), रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने । |

## लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | शाखा अधिकृत, श्री पुष्पराज पाण्डे | ०२६-५२०१३०, ९८४७१९४३१३ |
| २. | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं | शाखा अधिकृत, श्री पदमबहादुर राउत | ०१-४११५८३३,९८५११५६९२६ |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | शाखा अधिकृत, श्री रेपनाथ आचार्य | ०६१-४६३१४५, ९८४६०५९६२२ |
| ४. | मध्य-पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | शाखा अधिकृत, श्री भरत खनाल | ०८३-५२०१०६, ९८४८०७५५५६ |
| ५. | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | शाखा अधिकृत, श्री हरिबहादुर चन्द | ०९४-४४०१४७, ९८४८७४७३६३ |
| ६. | मेची अञ्चल कार्यालय, इलाम | शाखा अधिकृत, श्री जनार्दन कट्टेल | ०२७-५२००६२, ९८४१६९६६१४ |
| ७. | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | शाखा अधिकृत, श्री रघुपति काफ्ले | ०३६-४२०१७७, ९८४१५६५००३ |
| ८. | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | शाखा अधिकृत, श्री विष्णुप्रसाद न्यौपाने | ०४४-५२०१४७, ९८५८३२०५३६ |

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| ९. | नारायणी अञ्चल कार्यालय, हेटौंडा | शाखा अधिकृत, श्री श्यामसुन्दर श्रेष्ठ | ०५७-५२०३०२, ९८४५०३२०९२ |
| १०. | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | शाखा अधिकृत, श्री नारायणप्रसाद आचार्य | ०७१-५४०२०७, ९८५११६२६६३ |
| ११. | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | शाखा अधिकृत, श्री विन्दुदेवी शर्मा | ०६८-५२२६४७, ९८५७६३३४३३ |
| १२. | राप्ती अञ्चल कार्यालय, दाङ | शाखा अधिकृत, श्री कृष्णप्रसाद आचार्य | ०८२-५२००१३, ९८४७८५४३८८ |
| १३. | कर्णाली अञ्चल कार्यालय, जुम्ला | निर्देशक, एक नारायण शर्मा | ०८७-५२०००८, ९८५८३२२२२८ |
| १४. | महाकाली अञ्चल कार्यालय, कञ्चनपुर | शाखा अधिकृत, श्री खगेन्द्रप्रसाद भट्ट | ०९९-५२१२०९, ९८४९५०७८९१ |
| १५. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | शाखा अधिकृत, श्री निमराज भट्टराई | ०१-४७७१२१४, ९८५१२४१४५६ |

**सूचनाको हक सम्बन्धी ऐन,२०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्यौट सम्बन्धी विवरण**

| क्र.सं. | सूचना मागकर्ताको नाम र ठेगाना | माग भएको सूचनाको विवरण | सूचना माग भएको मिति | फछ्यौटको विवरण |
|---|---|---|---|---|
| १. | डा.अनुप वास्तोला<br>कन्सल्टेन्ट ट्रपिकल मेडिसिन<br>टेकू अस्पताल | आयोगबाट मिति २०७३/३/३० मा गरिएको एम.डि. रेसिडेन्सीयल अवधि अनुभवमा नजोडिने भनी गरिएको निर्णयको प्रतिलिपि उपलब्ध गराई पाउँ | २०७४/१०/२१ | निर्णयको प्रतिलिपि उपलब्ध गराईएको । |
| २. | डा. ठाकुर प्रसाद दुवाडी<br>वरिष्ठ कन्सल्टेण्ट काय चिकित्सक दशौं तह<br>राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकू | वि.नं. १७०४५/०७४-७५ को विज्ञापनको लागि कति जनाले आवेदन गरे तथा कति जना आवेदकको आवेदन फाराम स्वीकृत भयो सो को यथार्थ जानकारी माग गरेको | २०७४/१०/२२ | विवरण उपलब्ध गराईएको । |
| ३ | डा. ठाकुर प्रसाद दुवाडी<br>वरिष्ठ कन्सल्टेण्ट काय चिकित्सक दशौं तह<br>राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकू | विज्ञापन नं. ८०/०७४-७५ मा आफूले भरेको दरखास्त फारामको प्रतिलिपि लगायत कागजातको प्रतिलिपी माग गरेको | २०७४/१०/२४ | निवेदनमा माग भएका विवरण तोकिएको दस्तूर लिई उपलब्ध गराईएको । |
| ४ | अर्जुन पौडेल लगायत ९ जना | नेपाल प्रहरी, प्रहरी निरीक्षक पदको मिति २०७४/७/२४, २५, २६ र २७ मा सञ्चालित परीक्षाको लिखित परीक्षाको नतिजाको प्रतिलिपि माग गरेको | २०७४/१०/२५ | लिखित नतिजासम्बन्धी विवरण रहेको सिलबन्दी खाम नतिजा प्रकाशन गर्ने प्रयोजनका लागि प्रहरी प्रधान कार्यालय, नक्सालमा उपलब्ध गराई सकिएको व्यहोरा जानकारी गराईएको । |

# लोक सेवा आयोग

## आ.व. २०७४/०७५ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका-२

### (सुरक्षा निकायहरु तथा अन्य सरकारी सेवा/संगठित संस्थाहरु तर्फका विभिन्न श्रेणी/तहका पदहरु)

| क्र.सं. | निकाय | पदपूर्तिको किसिम | | प्रतिशत निर्धारण/ सहमती प्रदान | विज्ञापन/ सूचना प्रकाशन | लिखित परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|---|
| १ | **नेपाली सेना** | | | | | | | सम्बन्धित संस्थाबाट अन्तर्वार्ता र सिफारिश हुने । |
| क | अधिकृत क्याडेट | खुला तथा समावेशी | | साउन | भदौ/असोज | मंसिर/पुस | पुस | |
| ख | अधिकृत क्याडेट पदिक/हुद्दा | आ.प्र. | | फागुन | चैत्र/वैशाख | वैशाख/जेठ | जेठ/असार | |
| ग | लेखा/प्राड प्राविधिक अधिकृत (पहिलो पटक) | आ.प्र./खुला तथा समावेशी | | साउन/भदौ | साउन/भदौ | असोज/कार्तिक | कार्तिक/मंसिर | |
| घ | लेखा/प्राड प्राविधिक अधिकृत (दोस्रो पटक) | आ.प्र. | | कार्तिक | मंसिर/पुस | माघ | फागुन | |
| ङ | प्राड/जम/प्राविधिक पदिक | आ.प्र./खुला तथा समावेशी | | मंसिर | पुस/माघ | फागुन/चैत्र | चैत्र/वैशाख | |
| च | प्राविधिक बिल्लादार | आ.प्र./खुला तथा समावेशी | | मंसिर | पुस/माघ | फागुन/चैत्र | चैत्र/वैशाख | |
| छ | लेखा जम.क./अ.क./सैन्य/ड्राईभर/फलोअर्स | आ.प्र./खुला तथा समावेशी | पहिलो पटक | भदौ | असोज/कार्तिक | मंसिर/पुस | माघ | |
| | | | दोस्रो पटक | पुस | माघ/फागुन | चैत्र/वैशाख | जेठ | |
| | | | * तेस्रो पटक | वैशाख | जेठ/असार | असार | असोज | |
| २ | **नेपाल प्रहरी** | | | | | | | |
| क | प्रहरी निरीक्षक (प्राविधिक/अप्राविधिक) | खुला तथा समावेशी | | साउन | साउन | असोज/कार्तिक | मंसिर/पुस | |
| ख | प्रहरी प्राविधिक अधिकृत | खुला तथा समावेशी | | साउन | साउन | असोज/कार्तिक | पुस/माघ | |
| ग | प्रहरी सहायक निरीक्षक | खुला तथा समावेशी | पहिलो पटक | साउन | साउन | कार्तिक/मंसिर | माघ/फागुन | |
| | | | दोस्रो पटक | मंसिर | पुस | चैत्र/वैशाख | जेठ/असार | |
| घ | प्रहरी जवान (प्रा./अप्रा.) | गत वर्षको बाँकी | | भएको | भएको | भदौ | असोज | |
| ङ | प्रहरी जवान (अप्राविधिक) | खुला तथा समावेशी | पहिलो पटक | साउन | भदौ | मंसिर/पुस | माघ | |
| | | | दोस्रो पटक | पुस | माघ | चैत्र/वैशाख | वैशाख | |
| च | प्रहरी जवान (प्राविधिक) | खुला तथा समावेशी | | माघ | फागुन | जेठ/असार | असार | |
| छ | प्रहरी कार्यालय सहयोगी | खुला तथा समावेशी | | माघ | फागुन | जेठ/असार | असार | |
| ३ | **सशस्त्र प्रहरी बल, नेपाल** | | | | | | | |
| क | सशस्त्र प्रहरी निरीक्षक | खुला तथा समावेशी | | भदौ | असोज | मंसिर/पुस | फागुन/चैत्र | |
| ख | सशस्त्र प्रहरी प्राविधिक अधिकृत | खुला तथा समावेशी | | साउन | साउन | भदौ/असोज | मंसिर/पुस | |
| ग | सशस्त्र प्रहरी सहायक निरीक्षक | खुला तथा समावेशी | | भदौ | असोज | मंसिर/पुस | वैशाख | |
| घ | सशस्त्र प्रहरी जवान (प्राविधिक/अप्राविधिक)/फलोअर्स | खुला तथा समावेशी | पहिलो पटक | साउन | साउन | असोज/कार्तिक | कार्तिक/मंसिर | |
| | | | दोस्रो पटक | माघ | फागुन | वैशाख/जेठ | जेठ/असार | |
| ४ | **राष्ट्रिय अनुसन्धान विभाग** | | | | | | | |
| क | अनुसन्धान अधिकृत | खुला तथा समावेशी | | साउन | साउन/भदौ | असोज/कार्तिक | पुस/माघ | |
| ख | अनुसन्धान सहायक | खुला तथा समावेशी | | साउन | साउन/भदौ | मंसिर/पुस | फागुन/चैत्र | |
| ५ | धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, पर्यटन बोर्ड, नेपाल खाद्य संस्थान, निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल राष्ट्र बैंक, राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेड, नेपाल कृषि अनुसन्धान परिषद, नेपाल वायु सेवा निगमका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | भएको | भएको | साउन/भदौ | कार्तिक/मंसिर | |
| ६ | कर्मचारी संचय कोष, नेपाल विद्युत प्राधिकरण, कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड, औधोगिक क्षेत्र व्यवस्थापन लिमिटेड, व्यपार तथा निकासी प्रवर्धन केन्द्रका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | भएको | भएको | भदौ/असोज | पुस/माघ | |
| ७ | शहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल टेलिकम, रेडियो प्रसार सेवा विकास समिति, घरेलु तथा साना उद्योग विकास समिति, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रज्ञा प्रतिष्ठानका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | भएको | भएको | असोज/कार्तिक | फागुन/चैत्र | |
| ८ | सांस्कृतिक संस्थान, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परीषद, बीमा संस्थान, नेपाल टेलिभिजन, उदयपुर सिमेन्ट उद्योग लिमिटेडका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | साउन | साउन/भदौ | कार्तिक/मंसिर | चैत्र/वैशाख | |
| ९ | कृषि विकास बैंक, नेपाल राष्ट्र बैंक, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, नागरिक लगानी कोष, बीमा समिति, नेपाल धितो पत्र बोर्ड, कृषि सामाग्री कम्पनी लिमिटेड, निक्षेप तथा कर्जा सुरक्षण कोषका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | भदौ | भदौ | मंसिर/पुस | वैशाख/जेठ | |
| १० | खानेपानी संस्थान, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, राष्ट्रिय बीमा कम्पनी लिमिटेड, नेपाल दुरसंचार प्राधिकरण, राष्ट्रिय वाणिज्य बैंक, कर्मचारी संञ्चयकोष, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, स्वास्थ्य अनुसन्धान परिषदका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | भदौ | असोज | पुस/माघ | फागुन/चैत्र | |
| ११ | कर्मचारी प्रशिक्षण प्रतिष्ठान, नेपाल आयल निगम, पर्यटन बोर्ड, नेपाल बैंक लिमिटेड, न्यायिक प्रतिष्ठान, नेपाल पर्यटन तथा होटल प्रशिक्षण प्रतिष्ठानका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | असोज | असोज/कार्तिक | माघ/फागुन | चैत्र/वैशाख | |
| १२ | नेपाल विधुत प्राधिकरण, नेपाल वायु सेवा निगम, नेपाल कृषि अनुसन्धान परिषद, गोरखापत्र संस्थान, दुग्ध विकास संस्थान, समाज कल्याण परिषदका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | असोज | असोज/कार्तिक | फागुन/चैत्र | वैशाख/जेठ | |
| १३ | राष्ट्रिय समाचार समिति, विश्व विद्यालय अनुदान आयोग, नेपाल नागरिक उड्डयन प्राधिकरण, हेटौडा सिमेन्ट उद्योग लिमिटेड, नेपाल खाद्य संस्थानका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | असोज | कार्तिक | चैत्र/वैशाख | जेठ/असार | |
| १४ | कृषि सामग्री कम्पनी लिमिटेड, विपि कोइराला मेमोरियल क्यान्सर अस्पताल, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, नगर विकास कोष, नेपाल इन्टरमोडल यातायात विकास समिति, मानव अंग प्रत्यारोपण केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, सिंहदरबार वैद्यखाना विकास समितीका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | असोज | कार्तिक | वैशाख/जेठ | असार | |
| १५ | **अन्य संगठित संस्थाहरु** | संस्थाबाट माग भै आएको अवस्थामा आयोगको निर्णय बमोजिम हुने । | | | | | | |

* विशेष परिस्थितिमा मात्र सञ्चालन गर्ने ।

# लोक सेवा आयोग

## आ.व. २०७४/०७५ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका-१

### (निजामती सेवातर्फ राजपत्रांकित तथा राजपत्र अनंकित विभिन्न श्रेणी/तहका पदहरु)

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | आवश्यकता अनुसार | - | - | - | - |
| २. | विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधवार | मंसीर | पुष/माघ | फागुन/चैत्र |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ३. | विभिन्न सेवाका राजपत्रांकित द्वितीय श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधवार | पुस/माघ | फागुन/चैत | चैत्र/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ४. | स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधवार | पुस/माघ | फागुन/चैत | चैत्र/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| ५. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधवार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | | आन्तरिक प्रतियोगिताद्वारा * | | | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा * | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ६. | स्वास्थ्य सेवाका आठौं तहका पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधवार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| ७. | स्वास्थ्य सेवाका सातौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधवार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने समायोजनद्वारा | | | | | |
| ८. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | कार्तिक/मंसीर | मंसीर अन्तिम बुधवार | माघ | फागुन | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | चैत्र | जेठ | साउन/भदौ |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | चैत्र | जेठ | साउन/भदौ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ९. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | मंसीर/पुस | पुस अन्तिम बुधवार | फागुन | चैत | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | वैशाख | साउन/भदौ | भदौ/असोज |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| १०. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | पुस /माघ | माघ अन्तिम बुधवार | वैशाख | जेठ | साउन/भदौ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ११. | स्वास्थ्य सेवाका पाँचौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | पुस/माघ | माघ अन्तिम बुधवार | वैशाख | जेठ | साउन/भदौ |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने समायोजनद्वारा | | | | | |
| १२. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका अप्राविधिक पदहरु | आ.प्र. | माघ/फागुन | फागुन अन्तिम बुधवार | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | खुला – प्रथम चरण | | | वैशाख | असार | |
| | | खुला – द्वितीय चरण | | | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १३. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका प्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधवार | जेठ | असार | साउन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १४. | स्वास्थ्य सेवाका चौथो तहका पदहरु | खुला प्रतियोगिताद्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधवार | जेठ | असार | साउन |
| १५. | टाइपिष्ट | आ.प्र. द्वारा बढुवा | | साउन अन्तिम बुधवार | असोज | असोज/कार्तिक | असोज/कार्तिक |
| १६. | विविध | आवश्यकता अनुसार | | | | | |

* व्यवस्थापिका संसद सेवाको लागि मात्र

*पुनश्चः- यस कार्यतालिकाको कार्यान्वयनका लागि नेपाल सरकारका विभिन्न सेवा, समूह संचालन गर्ने मन्त्रालय/ निकायबाट पदपूर्तिका लागि माग आकृति फाराम प्राप्त भएपछि मात्र विज्ञापन प्रकाशन गरिनेछ।*